**प्रशासन** असार २०८१, वर्ष ५६, अङ्क २, पूर्णाङ्क १४०, ४८-६८
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan.v56i2.75329
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# न्यायिक समितिको कार्यसम्पादन प्रभावकारिता सम्बन्धी अध्ययन

रेशम कँडेल**
दीपेश कट्टेल††

## लेखसार

प्रस्तुत लेख न्यायिक समितिको कार्यसम्पादनको प्रभावकारिताको अध्ययन गर्ने विषयमा केन्द्रित छ। जसमध्ये संविधानको धारा ५६ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजित राज्य संरचनाका बिच अधिकारको बाँडफाँड धारा ५७ बमोजिम गरिएको छ। संविधानको धारा २१७ मा गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको व्यवस्था गरिएको छ। यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा रहेका अधिकारक्षेत्र र कार्यसम्पादन प्रक्रियाबमोजिम समितिले मेलमिलाप कार्यलाई केन्द्रमा राख्दै तोकिएका विषयमा विवादको समाधान गर्न सक्दछ। न्यायिक समितिबाट भएका निर्णय र कार्यसम्पादनका अवस्थाको विश्लेषण गर्नु प्रस्तुत लेखको प्रमुख उद्देश्य हो। प्राप्त नतिजाका आधारमा न्यायिक समितिको सक्षमता अभिवृद्धि गर्न नीतिगत र कार्यक्रमगत सूचना र ज्ञानलाई समेट्नको लागि ७५३ स्थानीय तहलाई प्रश्नावली पठाइएको थियो। तीमध्ये २५ प्रतिशतले आवश्यक विवरण उपलब्ध गराएका छन्। प्राप्त जवाफको गुणात्मक र मात्रात्मक विश्लेषण (जस्तै- Frequency Analysis र Measure of Central Tendency) गरी नतिजा प्रस्तुत गरिएको छ। यस अध्ययनमा स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन (LISA) मा न्यायिक समितिको कार्यसम्पादनसँग सम्बन्धित सूचकको विश्लेषण पनि समावेश गरिएको छ। तसर्थ प्रस्तुत अध्ययनले

** *उपसचिव, नेपाल सरकार*
*इमेलः raysum1980@gmail.com*
†† *शाखा अधिकृत, नेपाल सरकार*
*इमेलः katteldipes@gmail.com*

साधन, स्रोत र जनशक्तिको सीमितताका बाबजुद न्यायिक समितिको कार्यसम्पादन सन्तोषजनक रहेको देखाएको छ।

***शब्दकुञ्जीः*** विवादको निरुपण, मेलमिलाप, न्यायमा पहुँच, स्थानीय तह, न्यायिक समिति।

## पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ ले राज्यको संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएको व्यवस्था गरेको छ। संविधानको धारा ५७ अनुसार, राज्यका तीन तहहरू बिच अधिकारको बाँडफाँट गरिएको छ। संविधानको धारा २१७ मा कानुनबमोजिम गाउँपालिकाले उपाध्यक्ष र नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समितिको गठन गर्ने व्यवस्था गरिएको छ, जसले आफ्नो अधिकार क्षेत्रभित्रका विवादहरूको निरुपण गर्ने कार्य गर्दछ।

अदालतमा मुद्दाको चाप बढी हुने, प्रक्रिया जटिल हुने, समय र लागत बढी लाग्ने कारणले स्थानीय स्तरमा उत्पन्न साना विवादहरूको समाधान गर्न, नागरिकलाई न्यायमा सजिलो, छिटो, कम खर्चिलो र सरल पहुँच उपलब्ध गराउने उद्देश्यले स्थानीय तहलाई न्यायिक अधिकार प्रदान गरिएको हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ का दफा ४६ देखि ५३ सम्ममा न्यायिक समितिको अधिकार क्षेत्र, अधिकारको प्रयोग र न्याय सम्पादन प्रक्रियाका व्यवस्था गरिएको छ। स्थानीय तह जनताको नजिकको सरकार भएकाले र स्थानीय आवश्यकतासँग मेल खाने कार्य सम्पन्न हुने भएकाले, न्यायिक समितिले गर्ने विवाद निरुपणको कार्य निष्पक्ष, वस्तुनिष्ठ र समयमै हुन जरुरी छ।

नेपालको संविधान र सङ्घीय कानुनले न्यायिक समितिलाई विशेष गरी देवानी प्रकृतिका विवादहरू स्थानीय तहबाट निरूपण गर्ने अधिकार दिएको छ। यदि स्थानीय तहबाट प्रभावकारी न्याय सम्पादन गर्न सकिन्छ भने, आम नागरिकले सहज रूपमा न्याय प्राप्त गर्न सक्छन्। हाल, ७५३ वटै स्थानीय तहमा न्यायिक समितिको गठन भई क्रियाशील रहेका छन्। न्यायिक समितिको क्षमता विकासका लागि सरकारी र गैरसरकारी स्तरबाट तालिम र अभिमुखीकरणका कार्यक्रम सञ्चालन भइरहेका छन्। स्थानीय तहले प्रदेश सरकारको सहयोगमा कानुनी सल्लाहकार र आवश्यक कर्मचारीको व्यवस्था पनि गरेका छन्।

निर्वाचित जनप्रतिनिधिहरूद्वारा तीन सदस्यीय न्यायिक समितिबाट न्यायिक कार्य सम्पादन गर्नु नौलो अभ्यास हो। न्यायिक कार्यसम्पादन गर्दा न्यायका सर्वमान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त र न्यायिक मनको प्रयोग गर्नुपर्छ। स्थानीय शासनको मर्म र आवश्यकता अनुसार विवादहरूको निरूपण

मेलमिलाप मार्फत हुनु श्रेयस्कर देखिन्छ। स्थानीय तहमा न्यायिक कार्यसम्पादनको वर्तमान अभ्यास सकारात्मक भए तापनि कानुनी ज्ञानको अभाव, प्राविधिक ज्ञानको कमी, यथेष्ट प्रमाणको मूल्याङ्कनबिना कार्यसम्पादन हुने सम्भावना, र स्थानीय भौगोलिक, लैङ्गिक र वर्गीय सन्तुलनका आधारमा विश्लेषण गर्दा न्यायिक कार्यसम्पादनको प्रभावकारितामा चुनौतीहरू देखिन्छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-८ मा न्यायिक कार्यसम्बन्धी व्यवस्था गरिएको छ। न्यायिक समितिलाई ऐनको दफा ४७(१) मा तोकिएका विवादहरूको निरूपण र दफा ४७(२) मा तोकिएका विवादहरूको मेलमिलापमार्फत निरूपण गर्ने अधिकार प्रदान गरिएको छ। यस ऐनले विवादको निरूपण गर्ने र मेलमिलापबाट विवादको निरूपण गर्ने विभिन्न विषयहरूको वर्गीकरण गरेको छ।

प्रस्तुत सन्दर्भमा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा दिइएको अधिकार अन्तर्गत न्यायिक समितिमा आउने विवादका प्रकार र स्तर, समितिले विवाद निरूपणमा अवलम्बन गर्ने कार्यविधि, मेलमिलाप केन्द्रको भूमिका र सक्रियता, स्थानीय जनतामा न्यायिक समिति र मेलमिलाप केन्द्रप्रति धारणा, मेलमिलापको कार्यविधि, विवाद दर्ताको अवस्था, न्यायिक समितिले गरेको विवाद निरूपण र त्यसको कार्यान्वयनको अवस्था लगायतका विषयमा अध्ययन गरिनेछ। यस अध्ययनको उद्देश्य न्यायिक समितिको प्रभावकारिता अभिवृद्धि गर्न र क्षमता विकासका क्षेत्र पहिचान गर्नु हो। यसै क्रममा, ७५३ वटै स्थानीय तहमा आर्थिक वर्ष २०७९/०८० मा न्यायिक समितिको कार्यसम्पादन र विवाद निरूपण सम्बन्धी विवरण माग गरिएको थियो। प्राप्त विवरणका आधारमा १८९ स्थानीय तहबाट प्राप्त जानकारीका विभिन्न आयाममा अध्ययन गरिएको छ।

## अध्ययनको उद्देश्य

न्यायिक समितिको निर्णय प्रक्रिया तथा कार्यसम्पादनको प्रभावकारितासम्बन्धी अध्ययनबाट सबल पक्ष (Best Practices) र कमीकमजोरी तथा सुधार गर्नुपर्ने पक्ष (Areas of Reform) को पहिचान गर्न सकिन्छ। यस अध्ययनका उद्देश्य निम्नलिखित छन्:

- न्यायिक समितिको कार्यसम्पादन र विवाद निरूपणको प्रभावकारिताको विश्लेषण गर्नु।
- कार्यसम्पादन सुधारका क्षेत्रहरू पहिचान गरी प्रभावकारिताका लागि पृष्ठपोषण प्रदान गर्नु।

## अध्ययनका विधि र क्षेत्रहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-८ मा भएका व्यवस्था बमोजिम, आ.व. २०७९/०८० मा स्थानीय तहको न्यायिक समितिबाट सम्पन्न भएका विभिन्न कार्यहरूको विवरण


तोकिएको ढाँचामा उपलब्ध गराउन ७५३ वटै स्थानीय तहको आधिकारिक इमेलमार्फत अनुरोध गरिएको थियो। ३० दिनको समयावधिमा १८९ स्थानीय तहबाट (Response Rate: 25%) विवरण प्राप्त भएका थिए।

यस अध्ययनमा न्यायिक कार्य सम्पादनका लागि आवश्यक कानुन तर्जुमाको अवस्था, न्यायिक समितिको कार्यस्थल र जनशक्ति व्यवस्था, न्यायिक समितिका क्षेत्राधिकारभित्रका विवाद दर्ता, विवाद निरूपणको विधि र समयावधि, न्यायिक समितिको निर्णयको पुनरावेदन अवस्था, मेलमिलापकर्ता र मेलमिलापकर्ताको तालिम, न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकासका लागि विनियोजित बजेट र खर्चको अवस्था, न्यायिक समितिको कार्यसम्पादनमा देखिएका समस्या र कठिनाइ तथा थप प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक पक्षहरूको समावेश गरिएको छ।

प्राप्त तथ्याङ्कको शुद्धीकरण, तालिकीकरण र विश्लेषण गरी परिणाम प्रस्तुत गरिएको छ। प्राप्त Qualitative Data लाई Descriptive तरिकाबाट र Quantitative Data लाई Frequency and Percentage Analysis, Measure of Central Tendency आदिको मापन गरी अध्ययन र विश्लेषण गरिएको छ।

**Conceptual Framework**

यस अध्ययनमा प्रयोग गरिएको Conceptual Framework तल प्रस्तुत गरिएको छ।



यस अध्ययनमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम न्यायिक समितिसँग सम्बन्धित नीतिगत, कानुनी तथा प्रक्रियागत व्यवस्था एवम् अधिकारक्षेत्रको प्रयोग, संस्थागत सक्षमता एवम् सोबाट प्राप्त हुने ज्ञानको प्रभावकारी उपयोग र आदान-प्रदानको व्याख्या गरिएको छ। मेलमिलापका माध्यमबाट विवादको समाधान गर्न न्यायिक समितिबाट मेलमिलापकर्ताको सूचीकरण पश्चात मेलमिलाप केन्द्रको गठन गरी उनीहरुमार्फत हुने कार्यको तथा न्यायिक समितिबाट हुने विवादको निरुपण एवम् अन्तरिम संरक्षणात्मक आदेश दिने व्यवस्था समेतको प्रभावकारिता अध्ययन गरिएको छ। स्थानीय स्तरमा नै विवादको समाधान गर्दै एक आपसमा सहमती निर्माण गरी शान्त र न्यायपूर्ण समाजको स्थापनाका लागि न्यायिक समितिको महत्त्वपूर्ण भूमिका हुने विषयमा आधारित भई Correlation र Causation समेतको विषय यस अध्ययनमा समाविष्ट छ।

## पूर्वसाहित्यको पुनरावलोकन (Literature Review)

### अन्तर्राष्ट्रिय अभ्यास

परिपाटी विश्वका प्रायजसो मुलुकमा सामुदायिक तहमा उत्पन्न हुने विवादको समाधान स्थानीय स्तरमा नै गर्ने रहेको पाइन्छ। समाजको निर्माण, परिचालन तथा आवश्यकताका आधारमा निर्माण हुने कानुनको विकासको चरणमा स्थानीय तहमा नै विवादको निरुपण गर्ने विषय विभिन्न किसिमले विद्यमान रहने गरेको अध्ययनले देखाएका छन्। लामो समयदेखि महिला तथा जोखिममा रहेका जनता विरुद्धको विभेद र मानव अधिकारको संरक्षण गर्न चुकेको पुरातनवादी कानुनी प्रणालीभन्दा टिमोर लेस्टेका जनताले पूर्वसंयन्त्र (Precursor) वा वैकल्पिक संयन्त्र (Alternative) को रूपमा स्थानीय विवाद निरुपण संयन्त्र (Local Dispute Resolution Mechanism: LDRM) को प्रयोग गर्न रुचाएको पाइन्छ। सामान्य देवानी प्रकृतिका विवाद परिवारका सदस्य समेतको उपस्थितिमा अनौपचारिक रूपमा समाधान गर्ने प्रयास विफल भएमा गाउँको प्रमुख (Adat) समक्ष जाहेरी गरेपछि सुनुवाईको मिति तय गरिन्छ। त्यसपछि अन्य प्रतिनिधि (Adat Leaders), विवादका पक्ष, विपक्ष, परिवारका सदस्य, छरछिमेक आदिको उपस्थितिमा पूर्व निर्धारित कार्यविधि कानुनका आधारमा विवादको निरुपण गर्ने गरिन्छ (Butt et al., 2004)।

त्यसैगरी विभिन्न राजनीतिक उतारचढाव पश्चात अष्ट्रेलियाका कानुनी प्रणालीमा आएका बदलावसँगै औपचारिक अदालतीय प्रक्रियाका अलावा विभिन्न चार किसिमका (Edward River, Cape York Peninsula, Queensland)झगडा र हिंसाका विरुद्ध औपचारिक नियमका आधारमा निरुपण गरिने (Yirrkala Community, North East Arnhem Land, Northern Territories) वंश परम्पराको ज्येष्ठ व्यक्तिबाट तथ्य र प्रमाणका आधारमा छलफल गरी आरोपीको दोष प्रमाणित भएमा समुदायबाट निष्काशन गर्ने वा क्षतिपूर्ति

भराई दण्ड दिने (Strelley, near Port Hedland, Western Australia) मादक पदार्थ, हाडनाता वा सामुदायिक नियम उल्लङ्घन गरेको पाइएमा दशजना सम्मिलित समूहबाट जरिवाना तिराउने, माफी माग्न लगाउने, समुदायमा निषेध गर्ने गरी सजाय गर्ने र Community Justice Groups in Kowanyama and Palm Island (विवाद समाधानका लागि राज्यको कानुनी प्रणालीको वैकल्पिक संयन्त्रका रुपमा विकास भएको) स्थानीय विवाद निरुपण संयन्त्र सक्रिय रहेको पाइन्छ। यस किसिमका अभ्यास सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा प्रचलित भएको देखिन्छ (NTLRC, 2003; ATSIC, 1997)।

गाउँ, समुदायका लब्ध प्रतिष्ठित व्यक्ति, धार्मिक समूहका नेता, कर्मचारी आदिको मध्यस्थताबाट ईण्डोनेशियन समुदायका विवाद निरुपण गरिन्छ। अझ औपचारिक रुपमा गाउँका जनताद्वारा निर्वाचित Village Head (Kepala Desa) वा Village Representative Board (VRB) बाट विवादको निरुपण गर्ने अभ्यास समेत रहेको पाइन्छ (Stephens, 2003; World Bank, 2004)। फिलिपिन्समा रहेको Barangay Justice System (BJS) बमोजिम गाउँका विवादहरु अदालत जानुभन्दा अगाडि अनिवार्य रुपमा Mediation वा Arbitration का माध्यमबाट Village Head वा Village-Level Panel बाट समाधान गरिनुपर्दछ (Stephens, 2003)। चाँडै समाधान हुन सक्ने, कम खर्चिलो एवम् कार्यान्वयन गर्न सकिने किसिमको मुख्य तीन तरिकाको (Traditional, Government, NGO-assisted) स्थानीय विवाद निरुपण प्रणाली Shalish बङ्गलादेशमा रहेको पाइन्छ। जसले Mediation वा Arbitration का माध्यमबाट स्थानीय विवादहरु समाधान गर्ने गर्दछ (Stephens, 2003)। यसका अलावा निर्वाचित जनप्रतिनिधिले नेतृत्व गर्ने Village Court बाट समेत स्थानीय विवाद निरुपणको क्रम बढे पनि अनौपचारिक Shalish समेत प्रख्यात रहेको छ (Mattsson, २०२४)।

## न्यायिक समितिका सम्बन्धमा भएका कानुनी व्यवस्था

### स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐ. नियमावली, २०५६

पञ्चायती अदालत ऐन, २००६, गाउँ पञ्चायत ऐन, २०१८, गाउँ विकास समिति ऐन, २०४८, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐ. नियमावली २०५६ मा ऐनमा तोकिएका क्षेत्रभित्र दर्ता भएका मुद्दाको कारबाही र किनारा गर्ने अधिकार स्थानीय निकायमा रहेको थियो। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भाग १, गाउँ विकाससम्बन्धी व्यवस्था अन्तर्गत परिच्छेद ५, दफा ३३ देखि ४२ सम्म र ऐ. ऐनको भाग ३, नगरपालिकासम्बन्धी व्यवस्था अन्तर्गत परिच्छेद ५, दफा १०१ देखि ११० सम्म क्रमशः साविक गाउँ विकास समिति र नगरपालिकाको न्यायिक अधिकारसम्बन्धी विभिन्न व्यवस्था गरिएका थिए।

साबिकमा स्थानीय निकायमा दायर भएका मुद्दाको कारबाही तथा किनारा गर्न मध्यस्थ समितिको गठन गर्ने व्यवस्था रहेको थियो। गाउँ विकास समितिले ऐनको दफा ३४ बमोजिमको मध्यस्थ समितिको गठन

गर्दा ऐ. ऐनको दफा ३५ बमोजिम स्थानीय व्यक्ति एवम् सामाजिक कार्यकर्ता मध्येबाट उपयुक्त देखिएका व्यक्तिहरूको सहमति लिई तिनीहरूको नाम, थर र वतन समेत खुलाई मध्यस्थहरूको सूची तयार गरी सार्वजनिक जानकारीका लागि गाउँ विकास समितिको कार्यालयमा प्रकाशन गरी राख्नु पर्ने व्यवस्था रहेको थियो। त्यसैगरी नगरपालिकाले ऐनको दफा १०२ बमोजिमको मध्यस्थ समितिको गठन गर्दा ऐ. ऐनको दफा १०३ बमोजिम नगरपालिकाका सबै वडाबाट प्रतिनिधित्व हुने गरी स्थानीय व्यक्ति, सामाजिक कार्यकर्ता, कानुनविद मध्येबाट उपयुक्त देखिएका व्यक्तिहरूको सहमति लिई तिनीहरूको नाम, थर र वतन समेत खुलाई मध्यस्थहरूको सूची तयार गरी सार्वजनिक जानकारीका लागि नगरपालिकाको कार्यालयमा प्रकाशन गरी राख्नु पर्ने व्यवस्था रहेको थियो।

मध्यस्थ समितिको सूची तयार गर्दा यथासम्भव महिला तथा पिछडिएका वर्गलाई समेत समावेश गर्नु पर्ने व्यवस्था रहेको थियो। मध्यस्थहरूको सूचीमा रहेका व्यक्तिहरू मध्ये मुद्दाका पक्षहरूको सहमति भएका तीनजना व्यक्तिलाई मध्यस्थ समितिमा नियुक्ति गरिने र सो समिति मार्फत स्थानीय व्यक्ति, सामाजिक कार्यकर्ता, कानुनविद आदिको संलग्नताबाट स्थानीय स्तरमा सिर्जना हुने मुद्दाको कारबाही र किनारा गर्दा स्थानीय प्रतिनिधित्व, समावेशिता र आवश्यकतानुसार कानुनी विज्ञता समेत प्रयोग हुने गरी न्यायिक अधिकारको प्रयोगको सुनिश्चितता गरिएको थियो। साबिकका स्थानीय निकायमा कानुनले परिकल्पना गरे वमोजिमको न्यायिक अधिकारको प्रयोग प्रभावकारी र व्यवस्थित रूपमा हुन सकेको थिएन।

## साबिक स्थानीय निकायको न्यायिक अधिकार

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि आफ्नो सरहदभित्रको देहायका मुद्दाहरूको शुरु कारबाही र किनारा गर्ने अधिकार स्थानीय निकायमा हुने व्यवस्था देहायअनुसार गरेकोः

- जग्गा तर्फ साँध सीमाना, सन्धी सर्पन, आलीधुर, बाँध पैनी, कुलो वा पानीको बाँडफाँड तथा बाटो वा निकास मिचेको मुद्दा,
- बाली अर्मल मुद्दा,
- वेठबेगरसम्बन्धी र ज्याला मजदुरीको महल अन्तर्गतको मुद्दा,
- गरीब कङ्गालको महल अन्तर्गतको मुद्दा,
- चौपाया हराउने र पाउनेको महल अन्तर्गतको मुद्दा,
- घर बनाउनेको महलको ८ नं. र ९ नं. अन्तर्गतको मुद्दा,
- कल्याण धनको महल अन्तर्गतको मुद्दा,
- नासो धरौटको महलको ५ नं. अन्तर्गतको मुद्दाबाहेक सो महल अन्तर्गतको अन्य मुद्दा,
- अंशबण्डाको महलको १० नं. अन्तर्गतको इज्जत आमदअनुसार खान लाउन दिनुपर्ने विषयको मुद्दा,
- पानी घाटको प्रयोग तथा सार्वजनिक सम्पत्तिको सुरक्षासम्बन्धी मुद्दा,

- गोवध बाहेक चौपायाको महल अन्तर्गतको अन्य मुद्दा,
- चरन, घाँस, दाउरासम्बन्धी मुद्दा,
- अर्काको घरभित्र जवर्जस्ती पसेको, बसेको वा पस्न, बस्न खोजेको मुद्दा,
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ र २ मा उल्लेखित मुद्दा बाहेक नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका अन्य मुद्दा।

मध्यस्थको अधिकारक्षेत्रको प्रयोग तीन जना मध्यस्थले सामूहिक रूपले गर्ने र बहुमतको राय मध्यस्थको निर्णय मानिने व्यवस्था रहेको थियो। मध्यस्थहरूको बिचमा बहुमत नभई अलग-अलग राय भएमा ती रायहरू उल्लेख गरी स्थानीय निकायसमक्ष पेश गरिने र उक्त विषयमा स्थानीय निकायले समर्थन गरेको राय नै मान्य हुने व्यवस्था रहेको थियो। मध्यस्थले आफूसमक्ष पेश भएको मुद्दामा यथासम्भव सम्बन्धित पक्षहरूका बिच वार्ता गराई मिलापत्र गराउने तर मिलापत्र गराउन नसकेमा त्यस्तो मुद्दामा मध्यस्थले ऐनमा व्यवस्था भएबमोजिम आफ्नो अधिकारको प्रयोग गरी निर्णय गर्ने व्यवस्था गरेको थियो। तत् तत् निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय सुनी पाएको वा थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको थियो।

स्थानीय निकायले आफ्नो अधिकारक्षेत्र अन्तर्गतका मुद्दा-मामिलाको सम्बन्धमा भएको मिलापत्र वा निर्णयबमोजिम पक्षहरूले तिर्न बुझाउन पर्ने दायित्व पूरा गर्न मञ्जुर गरेमा स्थानीय निकायले तत्काल मिलापत्र वा निर्णयको कार्यान्वयन गर्नु गराउनु पर्ने र कुनै पक्षले मिलापत्र वा निर्णयबमोजिम तिर्न बुझाउन पर्ने दायित्व पूरा नगरेको अवस्थामा त्यसरी तिर्न बुझाउन पर्ने दायित्वको विवरणसहितको लगत सम्बन्धित मालपोत कार्यालयमा पठाउनु पर्ने तथा यसरी लेखी आएमा मालपोत कार्यालयले प्रचलित कानुनबमोजिम रीत पुऱ्याई मिलापत्र वा निर्णयको कार्यान्वयन गरिदिनु पर्ने व्यवस्था रहेको थियो।

## नेपालको संविधान

नेपालको संविधानको धारा २१७ मा गाउँपालिका र नगरपालिकामा रहने न्यायिक समितिसम्बन्धी व्यवस्था रहेको छ। कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न प्रत्येक गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने उल्लेख छ। सो समितिमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरू रहने व्यवस्था गरिएको छ।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्र, दफा ४८ मा अधिकारक्षेत्रको प्रयोग र दफा ४९ मा न्याय सम्पादन प्रक्रिया उल्लेख गरिएको छ। ऐ. ऐनको दफा ४७ (१) बमोजिम न्यायिक समितिले निरूपण गर्ने विवादहरु देहायबमोजिम रहेका छन्:

- आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
- अर्काको बाली नोक्सानी गरेको,
- चरन, घाँस, दाउरा,
- ज्याला मजदुरी नदिएको,
- घरपालुवा पशुपन्छी हराएको वा पाएको,
- ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
- नाबालक छोराछोरी वा पति (पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
- वार्षिक पच्चीस लाख रुपैयाँसम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा,
- अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
- आफ्नो घर वा बलेंसीबाट अर्काको घर, जग्गा वा सार्बजनिक बाटोमा पानी झारेको,
- संधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुनबमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
- कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,
- सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद।

त्यसैगरी ऐ. ऐनको दफा ४७ उपदफा (२) बमोजिम देहायका विषयमा मेलमिलापको माध्यमबाट मात्र न्यायिक समितिले विवादको निरूपण गर्नसक्ने व्यवस्था रहेको छः

- सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एउटाको हकको जग्गा अर्कोले चाँपी, मिची वा घुसाई खाएको,
- सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

- पति-पत्नी बिचको सम्बन्ध विच्छेद (पति-पत्नीचको सम्बन्ध विच्छेद हुने गरी मेलमिलाप गर्न नसकिने),
- अङ्गभङ्ग बाहेकको बढीमा एक बर्षसम्म कैद हुन सक्ने कुटपिट,
- गाली बेइज्जती, लुटपिट, पशुपन्छी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
- अरुको आवासमा अनधिकृत प्रवेश गरेको,
- अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,
- ध्वनि प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको,
- प्रचलित कानुनबमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।

## अधिकारक्षेत्रको प्रयोग

ऐ. ऐनको दफा ४८ बमोजिम न्यायिक समितिको अधिकारक्षेत्रको प्रयोग न्यायिक समितिको संयोजक र सदस्यहरूले सामूहिक रूपले गर्ने र बहुमतको राय न्यायिक समितिको निर्णय भएको मानिने व्यवस्था रहेको छ। समितिको संयोजक र अर्को एकजना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सक्ने र संयोजकबाहेक अरु दुईजना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारबाही गर्न सकिने छ। कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुईजना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिने। कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा त्यस्तो संयोजक वा सदस्यको नाताभित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारबाही र किनारा हुन नसक्ने। संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा त्यस्तो संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारबाही र किनारा गर्न सक्ने। संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारबाही र किनारा गर्न नमिल्ने भएमा सम्बन्धित सभाले तीनजना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नु पर्ने व्यवस्था रहेको छ।

## न्याय सम्पादनको प्रक्रिया

ऐ. ऐनको दफा ४९ मा भएको व्यवस्थाबमोजिम आफूसमक्ष पेश भएको विवादको निवेदन दर्ता गरी कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्ने छ। पक्षहरू बिच मिलापत्र हुन नसकेमा निरुपण हुने भनी उल्लिखित विवादमा मात्र

न्यायिक समितिले कानुनबमोजिम विवादको कारबाही र किनारा गर्नुपर्ने छ। मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सूचीकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्ने र विवादमा प्रतिबादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याउनु पर्ने छ। सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाणसमेत सम्बन्धित अदालतमा पठाइदिनु पर्ने लगायतका व्यवस्था ऐनले गरेको छ।

यसका अलावा न्यायिक समितिबाट विवादको अन्तिम निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपि उपलव्ध गराउनुपर्ने, र सो निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ।

ऐनको दफा ५२ मा न्यायिक समितिबाट भएको मिलापत्र वा निर्णयको कार्यान्वयन कार्यपालिकाले तत्काल गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिका तथा नगरपालिकाले समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र, वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्नुपर्ने र आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुखमार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

## न्यायिक अधिकारको अभ्यासको सिंहावलोकन (विगत देखि वर्तमानसम्म)

न्याय सामाजिक गतिशीलताको विषय हो। समाज विकासका हरेक चरणमा न्याय प्राप्तिका सिद्धान्त र औजारहरु फरक फरक देखिए पनि यसको परिणाम अनुभूत हुने किसिमको हुनुपर्ने र दीर्घकालीन प्रभाव सकारात्मक हुन गई न्यायपूर्ण समाज निर्माणको कोशेढुङ्गा बन्नुपर्ने यथार्थलाई नकार्न सकिन्न।

नेपालको राजनीतिक-सामाजिक इतिहासको कालखण्डमा कानुन निर्माण र कार्यान्वयनका विभिन्न परिदृष्य सार्वजनिक छन्। यस अध्ययनको सीमिततामा रहँदै स्थानीय स्तरमा न्यायिक कार्य सम्पादन अन्तर्गत स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा ऐ. नियमावली, २०५६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था र अभ्यासको चर्चा गरिएको छ।

- विगतका स्थानीय निकायमा तीन सदस्यीय मध्यस्थ समिति रहने र सो समितिले नियमानुसार विवादको निरुपण गर्ने व्यवस्था रहरको थियो। हाल न्यायिक समितिमा निर्वाचित जनप्रतिनिधि मध्येबाट तीनजना रहने व्यवस्था रहेको छ।

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको व्यवस्था बमोजिम सूचीकरण भएका व्यक्तिहरुमध्ये पक्षले चाहेका व्यक्ति मध्यस्थ समितिमा रहने व्यवस्था रहेको थियो। मौजुदा ऐनमा निर्वाचित पदाधिकारी समितिमा रहने व्यवस्था रहेको छ।

- साबिकमा मध्यस्थ समितिबाट न्यायिक कार्य सम्पन्न हुने व्यवस्था र अभ्यास रहेको थियो। मध्यस्थहरूको बिचमा बहुमत नभई अलग-अलग राय भएमा ती रायहरू उल्लेख गरी स्थानीय निकायसमक्ष पेश गरिने र उक्त विषयमा स्थानीय निकायले समर्थन गरेको राय नै मान्य हुने व्यवस्था रहेको थियो। तर, मौजुदा व्यवस्थामा न्यायिक समितिमा निर्वाचित प्रतिनिधि रहने र निजहरुले नै निर्णय गर्ने हुनाले स्थानीय तहमा रहेका उपल्लो निकायबाट समितिका निर्णयको अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको छैन। यसरी साबिकमा मध्यस्थ समितिबाट न्यायिक कार्य सम्पन्न हुने व्यवस्था उत्कृष्ट भए पनि मौजुदा व्यवस्थामा जननिर्वाचित व्यक्तित्वबाट सर्वपक्षीय सहभागिता, संलग्नता, प्रसिनिधित्वसहित धेरैलाई मान्य हुने किसिमले न्यायिक कार्य सम्पादन हुने अवस्था देखिन्छ।

सुधारिएको संसदीय व्यवस्था अवलम्बन गरेको नेपालको मौजुदा शासन प्रणालीमा निर्वाचित पदाधिकारीबाट न्यायिक कार्यसम्पादन हुने संवैधानिक, कानुनी प्रावधान र अभ्यासले विशिष्ट एवम् फरक नमुना (Model) स्थापना गरेको तथा संस्थागत समेत हुँदै गएको अवस्था रहेको छ। राजनीतिक रूपमा निर्वाचित जनप्रतिनिधिहरुबाट निष्पक्ष, विवादरहित एवम् सर्वमान्य न्यायिक कार्यसम्पादनले दक्षिण एशियामै नेपालीहरूको फरक सामाजिक-सांस्कृतिक सहिष्णुता, बहुलतायुक्त भौगोलिक, धार्मिक, भाषिक समुदाय एवम् विशिष्टतासहितको मौलिक पहिचानलाई पुष्टि गर्दै थप संस्थागत गर्दछ।

## अध्ययनको सीमा

यस अध्ययनमा जनप्रतिनिधिको शैक्षिक योग्यता तथा कानुनी ज्ञान, सिप र विज्ञताको अध्ययनलाई समेटिएको छैन। अनलाईन फाराममार्फत तथ्याङ्क सङ्कलन गरिएकाले भौतिक रूपमा स्थलगत अध्ययन र अवलोकनलाई यस अध्ययनले समेटेको छैन। यस अध्ययनमा न्यायिक समितिले गरेका फैसला उपर पुनरावलोकनका लागि जिल्ला अदालतमा गएको विषयको सूक्ष्म अध्ययनलाई समेटिएको छैन। प्रतुत अध्ययन कार्य सीमित स्रोत साधन, समय र जनशक्तिको सीमामा रही सम्पन्न गरिएको छ।


## प्राप्त नतिजाको विश्लेषण

प्रस्तुत अध्ययनले न्यायिक समितिमा लैङ्गिक प्रतिनिधित्वको अवस्था, संस्थागत प्रबन्ध, जनशक्तिको उपलव्धता, मेलमिलापकर्ताको व्यवस्था, विवादको प्रकृति, विवाद निरूपणको समयावधि, न्यायिक

समितिवाट भएका निर्णयको पुनरावेदनको अवस्था, संरक्षणात्मक आदेशको अवस्था र जनशक्तिको क्षमता विकासका कार्यक्रमको विश्लेषण गरेको छ।


***न्यायिक समितिमा प्रतिनिधित्वको अवस्था***

नेपालको संविधानको धारा २१७ अनुसारको न्यायिक समिति सबै स्थानीय तहमा गठन भई क्रियाशील रहेका छन्। विवरण पठाउने १८९ स्थानीय तहमा न्यायिक समितिमा भएको प्रतिनिधित्वलाई लैङ्गिक रुपमा हेर्दा ८३% भन्दा बढी न्यायिक समितिको नेतृत्व महिलाबाट भएको छ भने समितिका सदस्यको प्रतिनिधित्वलाइ हेर्दा महिला र पुरुषको प्रतिनिधित्व क्रमश ४८% र ५२% रहेको पाईएको छ।





***न्यायिक समितिको काम गर्ने छुट्टै शाखा वा सचिवालय वा इकाइको व्यवस्था र गोपनीयता***

८१% स्थानीय तहमा न्यायिक समितिको काम गर्ने छुट्टै शाखा वा सचिवालय वा इकाइको व्यवस्था भएको देखिएको छ। स्थानीय तहबाट प्राप्त भएका विवरणको विश्लेषण गर्दा ६२% स्थानीय तहमा गोपनीयता कायम हुने गरी कार्यकक्षको व्यवस्था भएको देखिन्छ भने ३५% मा यस्तो कार्यकक्षको व्यवस्था हालसम्म हुन बाँकी रहेको र बाँकी २% बाट विवरण प्राप्त भएको छैन।



### *न्यायिक समितिको कार्यसम्पादनका लागि जनशक्तिको उपलब्धता*

विवरण पठाएका १८९ गाउँपालिका, नगरपालिकामध्ये १७६ (९३.१२%) स्थानीय तहले न्यायिक समितिका लागि कर्मचारीको व्यवस्थापन गरेको पाइन्छ, जसमध्ये ३८ स्थानीय तहमा अधिकृत स्तरका कर्मचारी रहेका छन् भने १३८ स्थानीय तहमा सहायक स्तरका कर्मचारी रहेको देखिएको छ।




### *मेलमिलापकर्ताको व्यवस्था*

विवरण प्रेषित गर्ने गाउँपालिका, नगरपालिकाहरुमध्ये ७ देखि १२७ जना सम्म मेलमिलापकर्ता सूचीकृत भई विवाद निरुपण गर्ने कार्यमा सक्रिय रहेको देखिएको छ।

### *विवाद दर्ता र विवादको निरुपण*

प्राप्त विवरणअनुसार आ. व. २०७९।८० मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र (२) बमोजिम सबै उपदफा अनुसारका विवाद दर्ता भएको देखिन्छ। यसरी दर्ता हुने विवादको संख्या ५२३० रहेको छ।

दर्ता भएका विवादमध्ये स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (२) ङ.


| क्र. सं. | विवादको प्रकृति | विवाद निरुपणको अवस्था (%) |
|---|---|---|
| १ | गाली बेइज्जती | ६४ |
| २ | पती-पत्नी बिचको सम्बन्ध विच्छेद | ५८.७ |
| ३ | ज्याला मजदुरी नदिएको | ५८.२ |

अनुसारको गाली बेइज्जतीसम्बन्धी विवादको निरुपणको प्रतिशत सबैभन्दा बढी (६४%) देखिन्छ भने आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोगसम्बन्धी विवादको निरुपण ४८.७ प्रतिशत भएको देखिन्छ।

| | | |
|---|---|---|
| ४ | नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको | ५२.९ |
| ५ | आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग | ४८.७ |

***विवादको निरूपण र समयावधि***

न्यायिक समितिमा दर्ता भएका मध्ये ७४ प्रतिशत विवादको निरूपण भएको पाइएको छ। निरूपण भएका विवाद मध्ये ३३ प्रतिशत विवाद मेलमिलापकर्ता मार्फत भएका छन्। त्यसैगरी विवादको प्रकृति अनुसार ६३ प्रतिशत देखि १०० प्रतिशत विवाद न्यायिक समितिले निरूपण गरेको देखिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ (१) ङ. बमोजिमको घरपालुवा पशुपन्क्षी हराएको वा पाएको सम्बन्धी विवाद शतप्रतिशत निरूपण भएको देखिएको छ भने ४७ (१) ज. अनुसारको वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधासम्बन्धी विवाद ६३ प्रतिशत न्यायिक समितिबाट फछ्यौट भएको पाइएको छ। न्यायिक समितिले निरूपण गरेका विवादको अवस्थालाई हेर्दा १५ देखि ३५ दिनभित्र ३६ प्रतिशत विवाद निरुपण भएको पाइएको छ।



| *न्यायिक समितिबाट निरुपण भएका विवाद उपर पुनरावेदनसम्वन्धी व्यवस्था* |
|---|
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ५१ मा न्यायिक समितिबाट भएको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको छ। जिल्ला अदालत मुद्दाको उठान वा प्रवेश हुने शुरुको न्यायिक निकाय भएकाले न्यायिक समितिबाट निरुपण भएका विवाद उपर पुनरावेदनको रुपमा नभई सुरु निकायकै रूपमा मुद्दा दायर हुनसक्ने समेत अवस्था देखिन्छ। ऐ. ऐनमा पुनरावेदन गर्न सक्ने व्यवस्था रहे पनि न्यायिक समितिबाट निरुपण भएका विवाद उपर जिल्ला अदालतमा पुनरावेदन गरे नगरेको एकिन तथ्याङ्कसमेत अद्यावधिक गर्न कठिन हुने अवस्था रहेको छ। आ. व. २०७९।८० मा न्यायिक समितिबाट निरूपण भएका विवाद मध्ये ६ प्रतिशत विवाद पुनरावेदनका लागि जिल्ला अदालतसम्म गएको देखिएको छ। |

| **अन्तरिम संरक्षणात्मक आदेश** | |
|---|---|
| स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४९ (८) मा न्यायिक समितिले अधिकारक्षेत्र प्रयोग गर्दा पति पत्नी बिचको वा ज्येष्ठ नागरिकको संरक्षणसम्बन्धी विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणात्मक आदेश समेत दिन सक्ने व्यवस्था गरेको छ,<br>• पीडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,<br>• पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन,<br>• पीडितलाई अलग रूपमा बसोबासको प्रबन्ध गर्नु पर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न,<br>• पीडितलाई गालीगलौज गर्ने, धम्की दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न, नगराउन, | ऐ. ऐनको उपरोक्त व्यवस्था अनुसार तोकिएका १७१ विवादको रोहवरमा गाउँपालिका, नगरपालिकाबाट अन्तरिम संरक्षणात्मक आदेश दिएको देखिएको छ। |

| | |
|---|---|
| • पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न वा गराउन। | |

| **न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकास** |
|---|
| विवरण प्राप्त भएका मध्ये ९९ (५६%) वटा गाउँपालिका, नगरपालिकाले न्यायिक समितिको क्षमता विकासको लागि बजेट विनियोजन गरी खर्च गरेको देखिएको छ। त्यस्तै १०४ (५५%) वटा गाउँपालिका, नगरपालिकाले मेलमिलापकर्ताको क्षमता विकासको कार्यक्रम सञ्चालन गरेको देखिएको छ। न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकासमार्फत नै स्थानीय स्तरमा देखिएका विवादको छिटो, छरितो रुपमा निरुपण गर्न सकिने देखिन्छ। |

## न्यायिक समितिको कार्यसम्पादनमा देखिएका समस्या तथा कठिनाई

प्रश्नावली तयार गर्दा खुला प्रश्न (Open Ended Questions) मार्फत प्राप्त भएका न्यायिक समितिको कार्यसम्पादनमा देखिएका समस्या तथा समाधनका लागि सुझावहरु देहाय बमोजिम रहेका छन्।

| **समस्या तथा कठिनाई** | | **कार्यसम्पादन प्रभावकारिताको लागि प्राप्त सुझाव** |
|---|---|---|
| **न्यायिक कार्यसम्पादन** | **मानव संशाधन तथा समितिको क्षमता विकास** | • हरेक वडामा नै विवाद दर्ता गर्न आवश्यक प्रबन्ध गर्नुपर्ने,<br>• गाउँपालिका वा नगरपालिकामा निर्णय कार्यान्वयन इकाई स्थापना गर्नुपर्ने,<br>• आवश्यकताअनुसार न्यायमा पहुँच तथा कानुनी सचेतना कार्यक्रम सन्चालन गर्नुपर्ने,<br>• सङ्घ, प्रदेश तथा स्थानीय तहबाट समय समयमा |
| • स्थानीय ऐन, कानुन, कार्यविधि र निर्देशिका परिमार्जन हुन नसक्नु,<br>• कानुनी ज्ञानको अभाव, न्यायिक समितिको क्षेत्राधिकारसम्बन्धी अन्यौलता,<br>• प्रमाणको अभाव हुने, विवादको दोस्रो पक्ष उपस्थित नहुने, | • न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीमा न्याय सम्पादनका प्रक्रिया तथा कानुनी ज्ञानको कमी हुनु,<br>• कानुनका विषयक्षेत्रसँग सम्बन्धित जनशक्ति तथा जग्गा नापजाँच, आलिधुरसँग सम्बन्धित विवादको | |

| | | |
|---|---|---|
| कानुनी परामर्श लिन कठिनाई एवम् प्रक्रियागत झन्झट रहेको,<br>• अदालतमा विचाराधीन विषय उपर न्यायिक समितिमा निवेदन पर्नु,<br>• प्रमाणविनाका लेनदेन सम्बन्धी उजुरीको कार्यवाहीमा कठिनाई हुनु,,<br>• न्यायिक समितिले मेलमिलापकर्तालाई सूचीकृत गरी स्थानीय जनता समक्ष न्याय सम्पादनको विश्वसनीय पात्रको रुपमा बुझाउन नसक्नु,<br>• न्यायिक समितिलाई राजनैतिक आँखाबाट हेरिंदा निरुपण भएका विवाद वा मेलमिलापको कार्यान्वयनमा कठिनाई एवम् आश्वस्त हुन नसकिनु,<br>• न्यायिक समितिबाट भएका निर्णय कार्यान्वयनमा सरोकारवाला निकायबाट समन्वय तथा सहजीकरणको अभाव हुनु। | स्थलगत अवलोकन कार्यका लागि सम्बन्धित विज्ञ प्राविधिकको अभाव,<br>• न्यायिक समितिको लागि आवश्यक बजेट, स्रोत, साधन तथा समितिको कार्यसम्पादनमा प्रत्यक्ष संलग्न हुने कर्मचारीको अभाव,<br>• न्यायिक समितिका पदाधिकारी, कर्मचारी, मेलमिलापकर्ता तथा सहजकर्ताको लागि पर्याप्त तालिम तथा क्षमता विकासको अवसर प्राप्त नहुनु। | क्षमता विकासका कार्यक्रम आयोजना गर्नुपर्ने,<br>• हरेक गाउँपालिका वा नगरपालिकामा एक कानून अधिकृतको दरबन्दी सिर्जना गर्नुपर्ने,<br>• म्याद तामेल तथा निर्णयको जानकारीका लागि कानुनको ज्ञान भएका आवश्यक जनशक्तिको व्यवस्था हुनुपर्ने,<br>• महिला, विपन्न असहाय र असक्त वर्गका व्यक्तिहरुको हित, संरक्ष तथा कानुनी उपचारका लागि दिइने अन्तरिम संरक्षणात्मक आदेशको कार्यान्वयनका लागि छुट्टै कोषको व्यवस्था हुनुपर्ने,<br>• अन्तर-स्थानीय तहका बिच प्रभावकारी समन्वय हुनुपर्ने। |

## प्राप्त नतिजाको थप पुष्ट्याईं (Cross Validation of the Results)

गुणस्तर परीक्षण पश्चातको ७४९ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजाअनुसार न्यायिक समितिले गरेको निर्णय उपर ९१.१ प्रतिशत गाउँपालिका, नगरपालिकामा १० प्रतिशतभन्दा कम

सङ्ख्यामा पुनरावेदनमा गएको देखिन्छ। त्यसैगरी ७३.४ प्रतिशत गाउँपालिका, नगरपालिकामा सूचीकृत मेलमिलापकर्ताबाट मेलमिलाप गराउने गरेको देखिन्छ भने ६५.३ प्रतिशत गाउँपालिका, नगरपालिकामा मेलमिलाप केन्द्र गठन भएको पाइन्छ। यसरी गाउँपालिका, नगरपालिकामा मेलमिलापकर्ता सूचीकृत भई गठन भएको मेलमिलाप केन्द्र मार्फत हुने विवादको समाधानले शान्त, न्यायपूर्ण समाज स्थापनामा समेत टेवा पुग्ने देखिन्छ। न्यायिक कार्यसम्पादन अन्तर्गत ९४.३ प्रतिशत न्यायिक समितिका निर्णय सर्वसम्मत हुने गरेको देखिन्छ। आ. व. २०७९।०८० को स्वमूल्याङ्कन अवधिमा ७० प्रतिशतभन्दा बढी उजुरीको ८७.२ प्रतिशत गाउँपालिका, नगरपालिकामा न्यायिक समितिले निरुपण गरेको देखिन्छ (सं. मा. तथा सा. प्र. म., २०८१)। तसर्थ, यस अध्ययनबाट प्राप्त भएका नतिजाहरु अन्य अध्ययनका नतिजाहरुसँग समेत मेल खाएको पाइएको छ।

## निष्कर्ष तथा सुझाव

सङ्घीय शासन व्यवस्थाको अवलम्बनसँगै स्थानीय तहलाई प्रदान गरिएको न्यायिक अधिकारको अभ्यास संस्थागत हुँदै गएको छ। अधिकांश स्थानीय तहमा न्यायिक समितिको नेतृत्व महिलाले गरेका छन्। सबैजसो स्थनीय तहमा न्यायिक समितिको कार्य हेर्ने शाखागत जिम्मेवारी तोकिनु, जनशक्तिको व्यवस्था गर्नु, मेलमिलापकर्ताको व्यवस्था गर्नु र जनशक्तिको क्षमता विकासका कार्यक्रममा लगानी गर्नुले न्यायिक समितिको कार्यसम्पादनका लागि संस्थागत क्षमता सुधारोन्मुख रहेको देखिन्छ। विवादको प्रकृति, विवाद निरूपणको समयावधि, न्यायिक समितिवाट भएका निर्णयको पुनरावेदनको अवस्था, संरक्षणात्मक आदेशको अवस्थाको विश्लेषण गर्दा न्यायीक समितिले प्रभावकारी रूपमा विवाद निरुपण गरेको जसका कारण जनताको समस्या स्थानीय स्तरमा नै समाधान हुने र अदालतको कार्यबोझमासमेत न्यूनता आउने प्रवृत्ति देखिन्छ। न्यायिक समितिमा दर्ता भएका कूल विवादमध्ये ७४ प्रतिशत विवाद निरूपण हुनुले न्यायिक समितिको कार्यसम्पादन सन्तोषजनक रहेको देखिन्छ। न्यायिक समितिबाट भएका निर्णय मध्ये ६ प्रतिशत निर्णयमात्र जिल्ला अदालतमा पुनरावेदनका लागि जानुले न्यायिक समितिको विवाद निरूपणको कार्य प्रभावकारी समेत रहेको देखिन्छ। प्रश्नावलीमार्फत प्राप्त न्यायिक कार्यसम्पादनमा रहेका समस्या र समाधानका सुझाव मननीय छन्। विशेषतः मेलमिलापकर्ता र न्यायिक समितिको सचिवालय वा सम्पर्क शाखामा कार्यरत जनशक्तिको क्षमता विकास (कानुनको आधारभूत ज्ञान, लिखत र कागजातको तयारी, प्रमाणको सङ्कलन र दस्तावेजीकरण, प्रकृयाको अवलम्बन आदि) मा विशेष ध्यान दिनुपर्ने देखिन्छ। न्यायिक समितिका पदाधिकारीहरुमा आफ्नो क्षेत्राधिकारको ज्ञान,

न्यायका आधारभूत सिद्धान्तको जानकारी र न्यायिक मनको प्रयोग जस्ता पक्षहरू महत्त्वपूर्ण देखिन्छन्। न्यायिक समितिका लागि आवश्यक प्रशासनिक खर्चको व्यवस्थापन र निर्णयहरूको कार्यान्वयनको उचित प्रबन्ध गर्ने कार्यलाई सम्बन्धित स्थानीय तहले थप प्रभावकारी बनाउनु पर्ने सुझाव समेत उत्तिकै महत्वपूर्ण छन्। आगामी दिनमा न्यायिक समितिको संस्थागत विकासमा तहगत सरकार र विकास साझेदारवाट थप लगानी वृद्धि गर्ने र न्यायीक कार्यसम्पादनका विविध आयामहरुको सूक्ष्म अध्ययन तथा अनुसन्धानमा जोड दिनुपर्ने देखिन्छ।

## कृतज्ञता

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क उपलव्ध गराइदिनुहुने गाउँपालिका र नगरपालिकाप्रति हार्दिक आभार व्यक्त गर्दछौं। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह समन्वय शाखा मार्फत भएको यस अध्ययनबाट प्राप्त नतिजाको विश्लेषण गरी परिष्कृत रूपमा यस Research Journal मा प्रकाशन गर्दा अझ प्रभावकारी हुने तथा अध्ययन, अनुसन्धानको परिपाटी समेत थप संस्थागत हुने हुनाले उक्त अध्ययनका नतिजालाई दुवै लेखकहरु संलग्न भई निर्धारित ढाँचामा तयार गरेर प्रकाशन गरिएको हो। यस अध्ययनबाट प्राप्त नतिजामार्फत न्यायिक समितिको कार्यसम्पादन र विवाद निरूपणको प्रभावकारिता सम्बन्धमा सरोकारवालालाई पृष्ठपोषण प्राप्त हुने तथा समितिको कार्यसम्पादनमा गर्नुपर्ने सुधारको क्षेत्र पहिचान भई नीतिगत स्पष्टता समेत रहने अपेक्षा गरिएको छ।

## सन्दर्भ सामग्री

*स्थानीय स्वायत्त शासन ऐन* (२०५५), कानुन किताब व्यवस्था समिति, बबरमहल।

*स्थानीय स्वायत्त शासन नियमावली* (२०५६), कानुन किताव व्यवस्था समिति, बबरमहल।

*नेपालको संविधान* (२०८१), कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार। https://www.moljpa.gov.np/

*स्थानीय सरकार संचालन ऐन* (२०७४), कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, https://www.moljpa.gov.np/ ।

कँडेल, रेशम र कट्टेल, दीपेश, २०८१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०८१), गुणस्तर परीक्षण पश्चातको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा, २०८१, https://mofaga.gov.np/detail/3287

Australian and Torres Strait Islander Commission (ATSIC). (1997). Issues Paper, Law and Justice - Royal Commission into Aboriginal Deaths in Custody: Keeping Aboriginal and Torres Strait Islander People Out of Custody, http://www.atsic.gov.au/issues/law_and_justice/rciadic/keeping_atsi_people_out_of_custody/chapter5.asp

Butt, S., David, N., & Laws, N. (2004). Looking forward: local dispute resolution mechanisms in Timor Leste. *Paper for Australian Legal Resources International*.

Mattsson, Martin and Mobarak, Ahmed Mushfiq (February 27, 2024). Formalizing Dispute Resolution: Effects of Village Courts in Bangladesh Available at SSRN: https://ssrn.com/abstract=4740074 or http://dx.doi.org/10.2139/ssrn.4740074

M. Stephens. (2003). Local-level dispute resolution in post-reformasi Indonesia: Lessons from the Philippines', *Australian Journal of Asian Law*, *5*(3), 213 -222.

Northern Territory Law Reform Commission, Report to the Committee of Enquiry into Aboriginal Customary Law(2003), *Report on Aboriginal Customary Law.6*, http://www.nt.gov.au/justice/docs/lawmake/ntlrc_final_report.pdf

World Bank (2004). Village justice in Indonesia: case studies on access to justice, village democracy and governance.